प्रमाणिकरण मिति २०८१।०२।१७

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना

## आ.व २०७९/०८० देखि २०८४/०८५ सम्म

**शारदा नगरपालिका**

**सल्यान, कर्णाली प्रदेश**

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

# दुई शब्द

नेपालको संविधानले लैङ्गिक तथा सामाजिक समावेशी समाजको परिकल्पना गरेको छ । संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख गरिएको छ । महिलाको हक, दलितको हक, बालबालिकाको हक, सामाजिक न्यायको हक लगायतका हक अधिकारहरू संविधान प्रदत्त हकहरू हुन् ।

अपांग परिचय पत्र वितरणको लागि अपांग समन्वय समितिको गठन, कार्यालयको परिसरमा स्तनपान कक्ष स्थापना, बालविवाह विरुद्ध सचेतनामुलक कार्यक्रमहरु संचालन, अति जेष्ठ नागरिक र पूर्ण अपांग भएका ब्यक्तिहरुलाई घरमै सामाजिक सुरक्षा भत्ता वितरण, प्रजनन स्वास्थ्य तथा यौन शिक्षा कार्यक्रम संचालन, बाल क्लव, बाल संजाल गठन गरिएको, सुनौला १००० दिनका आमाहरुलाई पोषण भत्ता वितरण गर्ने गरिएको, दलित,द्धन्दपिडित, गरिव एवं जेहन्दार विद्यार्थीलाई छात्रवृत्ती वितरण गर्ने गरिएको छ । जेष्ठ नागरिकलाई चाडपर्व भत्ता तथा न्यानो कपडा वितरण गर्ने गरिएको, गरिव तथा जेहेन्दार ब्यक्तिलाई लोकसेवा तयारी कक्षा संचालन गर्ने गरिएको छ । बार्षिक नीति तथा कार्यक्रममा लैससासको सवाललाई प्राथमिकता दिइ बजेट विनियोजन गरिएको छ ।

लैङ्गिक, जातीय तथा वर्गिय विभेद रहित समतामुलक, न्यायपुर्ण समृद्ध नगरपालिकाको निर्माण गर्ने दूरदृष्टि लिएर यो रणनीति निर्माण भएको हो । यो रणनीतिक योजनाले शारदा नगरपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने, महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने उद्देश्य लिएको छ । यो रणनीतिक योजनाले दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिकाका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने उद्देश्य लिएको छ । नेपालले लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरु स्थानीय तहसम्म कार्यान्वयन गर्नु नगरपालिकाको दायित्व पनि हो । नगरपालिकालाइ हिंसा रहित बनाउन तथा सामाजिक न्याय स्थापना गर्न समेत यो रणनीतिक योजनाले मद्दत गर्नेछ ।

यो रणनीतिक योजना निर्माण गर्न नेतृत्व गर्ने कार्यदल, रणनीति निर्माणमा खट्नु भएका नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरू सबैलाइ म हार्दिक धन्यवाद दिन चाहन्छु । लैससासमैत्री नगरपालिका निर्माण गर्न यो योजनाले महत्वपूर्ण भूमिका खेल्न सबै सरोकारवालाहरूको सकारात्मक योगदानको अपेक्षा गर्दछु।

नगरप्रमुख

.................

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

## बिषयसूची


१. पृष्ठभुमि ..... 3

१.२ शारदा नगरपालिकाको परिचय ..... 5

१.३ नगरपालिकाकोलैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति योजना तयारीको उद्देश्य ..... 5

१.४ रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया ..... 6

२. नगरपालिकामा लैससासको अवस्था र सन्दर्भ विश्लेषण ..... 7

२.१ नगरपालिकाको लैससासको अवस्था ..... 7

२.२ लक्षित समूहहरुको नक्साङ्कन ..... 7

२.३ सरोकारवालाहरुको विश्लेषण ..... 8

२.४ नगरपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष (आन्तरीक पाटो) तथा अवसर र चुनौती वा बाधा -बाहिय पाटो) को विश्लेषण र साराशंमा मुख्य पक्षहरु ..... 11

२.५ नगरपालिका र वडागत रुपमा लैससासमा प्रमुख समस्या तथा सवालहरु ..... 13

२.६ नगरपालिकाको लैससास रणनीतिको लागी मुख्य कार्यक्षेत्रहरु ..... 14

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु ..... 14

दीर्घकालिन सोचः ..... 14

ध्येयः ..... 14

लक्ष्यः “लैङ्गि ..... 14

उदेश्यहरुः ..... 14

रणनीतिको औचित्य वा आवश्यकता ..... 15

रणनीतिक योजनाको मुल्य मान्यता तथा सिद्वान्तहरु ..... 15

३.२ लैससास मुलप्रवाहीकरणको रणनीतिहरु ..... 16

३.३ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना ..... 17

३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी आवश्यक संस्थागत व्यवस्था ..... 25

३.४.१. नगरपालिकास्तरीय लैससास कार्यान्वयन समितिको गठन ..... 25

३.४.२. वडास्तरमा लैससास कार्यान्वयन समिति गठन ..... 25

३.४.३. लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार ..... 25

३.४.४. वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार ..... 26

३.४.५. वैठक, कार्यविधि र सेवासुविधा ..... 26



This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

३.४.६ सम्पर्क व्यक्ति ........ 27

३.५ लैससास रणनीति कार्यान्वयनको लागि स्रोत परिचालन ........ 27

३.५.१ आर्थिक स्रोत ........ 27

३.५.२ मानवीय स्रोत ........ 27

३.६ अनुगमन तथा मूल्याङ्कन ........ 27

३.७ सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु ........ 28

# १. पृष्ठभुमि

नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । महिलाको हक सम्बन्धी

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

धारा ३८ ले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरु कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरु सामाजिक र सांस्कृतिकरुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तीकरण र विकासको लागि संविधानमा विशेष प्रावधानहरु राखिएको छ । सामाजिक न्यायको हकले तीन वटै तहका सरकारहरुले समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा नागरिक सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लैङ्गिक समानता तथा सामजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनामा नै उल्लेख गरिएको छ। यसका अलवा दफा ११ को नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा २ (त) मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तरगत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसिमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकूल, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी सोही दफाको उपदफा (३) नगरपालिका तथा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ।
संयुक्त राष्ट्रसङ्घको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरिबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ। यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनि रहेका बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, पछाडी पारिएका समुदाय जस्तै, दलित, जनजाती, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ। चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि कोहि पनि पछाडि नछुट्ने भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अङ्गीकार गरेको छ। पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७- २०८०/०८१ को आधारपत्रमा क) लैङ्गिक समानता तथा महिला सशक्तीकरण ख) बालबालिका तथा किशोरकिशोरी ग) ज्येष्ठ नागरिक घ) अपाङ्गता भएका व्यक्ति ङ) सामाजिक सुरक्षा तथा संरक्षण च) समावेशीकरण लगायतका विषयहरुलाई अलग अलग शीर्षकमा राखिएको छ।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशी सिद्धान्तका आधारमा स्थानीय तहका सबै नीति योजना, कार्यक्रम तथा संरचनाका सबै अङ्गहरुमा महिला, दलित, आदिवासी जनजाती, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समान सहभागी गराई लैङ्गिक

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

समानता तथा सामाजिक समावेशीमैत्री नगरपालिका बनाउने परिकल्पना अनुरुप लैससास मूलप्रवाहीकरणको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले शारदा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" मूलप्रवाहीकरण रणनीतिक योजना तर्जुमा गरिएको छ।

## १.२ शारदा नगरपालिकाको परिचय

कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये सल्यान पनि एउटा हो । यस जिल्लाका १० स्थानीय तहहरूमध्ये शारदा नगरपालिका एक हो । यो नगरपालिका २०७१ जेष्ठ ४ का दिन गठन भएको हो । यो नगरपालिका सल्यान जिल्लाको सदरमुकाम खलङ्गा आसपासका सातवटा गाविसहरू डाँडागाउँ, हिवल्चा, कजेरी, खलङ्गा, मार्के, सैजुवाल टाकुरा र स्यानीखाललाई जोडेर गठन गरिएको हो। यस नगरपालिकामा हाल १५ वटा वडा रहेका छन् । यस नगरपालिकाको कुल क्षेत्रफल ६१२ वर्ग कि.मि. रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या ३४६८४ रहेको छ, जसमा पुरुषको जनसङ्ख्या १६५१६ महिलाको जनसङ्ख्या १८१६८ रहेको छ ।

## १.३ नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति योजना तयारीको उद्देश्य

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको माध्यमबाट नगरपालिकाले तर्जुमा गर्ने नीति, कानून तथा योजना, संस्थागत संरचना, मानव संसाधन तथा क्षमता विकास तथा सेवा प्रवाहका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी समावेशी लोकतन्तत्रलाई संस्थागत गर्दै सामाजिक न्याय कायम गर्नुका साथै राज्यका सबै संयन्त्रहरूमा सम्पूर्ण तह वा वर्गका नागरिकको समतामुलक पँहुच स्थापित गर्नु रहेको छ ।
रणनीतिक योजनाका विशेष उद्देश्यहरु निम्न लिखित रहेका छन्।

- क) नगरपालिकामा लैससास सम्बन्धी शासन व्यवस्थाको प्रवर्द्धन गर्ने ।
- ख) नगरपालिकाको योजना तर्जुमा प्रकृयालाई लैससासमैत्री बनाउने ।
- ग) नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने ।
- घ) नगरपालिकाको नीति, कानून, संरचना, कार्यक्रम, योजनाका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- ङ) सरोकारवालाहरु बिच लैससासको बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्ने ।
- च) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धताहरु, कार्य योजनाहरु तथा दिगो विकास लक्ष्य प्राप्त गर्न सहयोग गर्ने।
- छ) लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै स्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था गर्ने ।

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

## १.४ रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया

शारदा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना नगरपालिकाको मार्गनिर्देशनमा विविध क्षेत्रमा संलग्न सरोकारवालाबिच गरिएको परामर्शबाट तयार पारिएको हो । यो रणनीतिक योजना तयार गर्नको प्रमुख प्रशासकीय अधिकृतको सम्योजकमा कार्यदल गठन गरिएको थियो । कार्यदलले रणानीतिक योजना निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । नगरपालिकाको लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमाका लागि देहायका विधिहरु अवलम्वन गरिएको छ ।

क) **दस्तावेज अध्ययन** : कार्यदल र विज्ञ टोलीले नेपालको संविधान, १५ औ पञ्चबर्षिय योजनाको अवधारणा पत्र, स्थानीय सरकार संचालन ऐनमा भएको लैससास सम्बन्धि प्रावधानहरु, दिगो विकास लक्ष्य ५, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु, लैङ्गिक समानता नीति २०७७, स्थानीय सरकारको समावेशीकरण नीति २०७८ तथा नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम, बार्षिक प्रगती प्रतिवेदन, नगरपालिकाको गुरुयोजना तथा पालिकाको लैङ्गिक हिंसा निवारण कार्यविधि आदी अध्ययन गरियो।

ख) **मुख्य सरोकारवालाबाट जानकारी** : नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत , महिला तथा बालबालिका विकास शाखा प्रमुख, सामाजिक विकास समितिका संयोजक, न्यायिक समिति तथा मेलमिलापकर्ता साथै लैससासको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रमुखहरुसंग अन्तवार्ता र छलफल गरी जानकारी संकलन गरियो।

ग) **परामर्श कार्यशाला** : नगरप्रमुख, उपप्रमुख सहित कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु, लक्षित समुहका प्रतिनिधिहरुको उपस्थितिमा २ दिने कार्यशाला आयोजना गरिएको थियो । उक्त कार्यशालामा समुहगत छलफलबाट नगरपालिकाको अवस्था विश्लेषण, सवाल पहिचान तथा लक्षित समुहहरुको नक्साङ्कन गरी प्राथमिकिकरण गरियो ।

घ) **लक्षित वर्ग केन्द्रित छलफल**: कार्यशाला गोष्ठीको छलफल र समुहगत कार्यबाट प्राथमिकिकरणमा परेका लक्षित समुहहरुसंग दलित महिला मा गएर समुह केन्द्रित छलफल गरियो । समुह केन्द्रित छलफलवाट समुदायमा रहेका लक्षित वर्गको अवस्था र आवश्यकताको वारेमा जानकारी संकलन गरियो ।

ङ) **मस्यौदा प्रस्तुतीकरण बैठक** : माथि उल्लेख भए बमोजिमका विधिद्वारा प्राप्त सुचनाको विश्लेषणको आधारमा तयार पारिएको मस्यौदा रणनीति योजना बारे पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिईएको थियो।

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

## २. नगरपालिकामा लैससासको अवस्था र सन्दर्भ विश्लेषण

### २.१ नगरपालिकाको लैससासको अवस्था

अपांग परिचय पत्र वितरणको लागि अपांग समन्वय समितिको गठन, कार्यालयको परिसरमा स्तनपान कक्ष स्थापना, बालविवाह विरुद्ध सचेतनामुलक कार्यक्रमहरु संचालन, अति जेष्ठ नागरिक र पूर्ण अपांग भएका ब्यक्तिहरुलाई घरमै सामाजिक सुरक्षा भत्ता वितरण, प्रजनन स्वास्थ्य तथा यौन शिक्षा कार्यक्रम संचालन, बाल क्लव,  बाल संजाल गठन गरिएको, सुनौला १००० दिनका आमाहरुलाई पोषण भत्ता वितरण गर्ने गरिएको, दलित,द्धन्दपिडित, गरिव एवं जेहन्दार विद्यार्थीलाई छात्रवृत्ती वितरण गर्ने गरिएको छ । जेष्ठ नागरिकलाई चाडपर्व भत्ता तथा न्यानो कपडा वितरण गर्ने गरिएको, गरिव तथा जेहेन्दार ब्यक्तिलाई लोकसेवा तयारी कक्षा संचालन गर्ने गरिएको छ । बार्षिक नीति तथा कार्यक्रममा लैससासको सवाललाई प्राथमिकता दिइ बजेट विनियोजन गरिएको छ ।

नगरपालिकाले विगत वर्ष देखि नै समुदायमा पछाडी पारिएका वा परेका समुदायहरु जस्तै दलित, आदिवासी जनजाती महिला, अपाङ्गता भएका व्यक्ति, एकल महिला र हिंसा पीडित महिलाहरु लगाएतलाई विकासको समग्र प्रकृयामा मुलप्रवाहीकरण गर्ने प्रयास निरन्तर रहेको छ । शारदा  नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुले लैससासलाई प्रवर्द्दन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास गरेको छ । महिला, घरेलु तथा अन्य हिंसा न्यूनीकरण गर्न विशेष संरक्षणको आवश्यकता भएका हिंसा पिडित महिलाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्नको लागि  आवश्यस कार्यविधि निर्माणको लागि पहल गर्ने भएको छ ।  वार्षिक योजना तथा बजेट विनियोजन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीको लागि बजेट विनियोजन गरेको छ ।  साथै आर्थिक रुपले विपन्न लगायत नागरीकको संरक्षण, सशक्तीकरण , सचेतना विकासका लागि आय आर्जनका कार्यक्रमहरु रहेका छन् ।

नगरपालिकामा महिलाको सामाजिक, आर्थिक तथा शारीरिक विकासको लागि नेतृत्व क्षमता विकास तालिम, कनूनी सचेतता कार्यक्रम, विविध दिवसहरु मनाउने गरेको छ । समुदाय स्तरमा गठन हुने समिति उपसमिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व सुनिश्चितता गरिएको छ । प्रजनन् स्वास्थ्य तथा पोषण कार्यक्रमहरु र सुनौलो हजार दिन, यौन शिक्षा, किशोरी शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन । जतिय हिसावले विविधता रहेको सबै आदावासी जनजाति, दलित, मधेसी, मुस्लीम लगायत अन्य जातजातिको मौलिक संस्कृति र परम्परालाई संरक्षण गर्दै समाजको समविकासको मान्यतालाई आत्मसाथ गर्दै आएको छ।

### २.२ लक्षित समूहहरुको नक्साङ्कन

शारदा नगरपालिकाको प्रोफाईल अध्ययन, बस्तुस्थिति विश्लेषण, कार्यशाला गोष्ठि, मुख्य सुचनादाताहरु संगको अन्तरवार्ता, लक्षित समूहसंगको छलफल र अन्तरकृया वाट यस  नगरपालिकाको लक्षित समुदाय र लैससास सँग सम्वन्धित सवालहरु निम्न रहेका छन् ।

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| क्र.स | लक्षित वर्गको प्राथमिकिकरण | समस्या/सवाल |
|---|---|---|
| १ | पुर्ण अपांग ६३, अति अशक्त अपांग १९१ | • अपाङ्गता मैत्री भौतीक संरचना नहुनु<br>• क्षमता अनुसारको रोजगारीका अवसरहरुको कमि<br>• पूर्ण आपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाहा तथा स्याहार गर्नुपर्ने हुँदा  परिवारको सदस्य व्यस्त भइ आर्यआर्जन गर्न कठिनाई<br>• सहायक सामाग्रीको सहजै उपलब्धता नहुनु |
| २ | दलित (जनसंख्या | • आर्थिक अभाव, गरिबी<br>• स्रोत र साधनमा न्युन पहुँच<br>• निर्णय प्रकृयामा न्युन सहभागिता<br>• बेरोजगारी<br>• सुचनाको अभाव<br>• शिक्षमा न्यून पहुँच साथै बालबालिकामा बिद्यालय छोड्ने समस्या<br>• जनचेतनाको अभाव<br>• सामाजिक विभेद |
| ५ | जेष्ठ नागरीक ७० वर्ष भन्दा माथिका ११२९ | • स्वास्थ्य परिक्षणमा समस्या<br>• एक्लोपन<br>• नैरास्यता |
| ६ | गरिब | • बेरोजगारी<br>• गरिव तथा आर्थिक अभाव<br>• बसाईको स्थायीत्व नहुने<br>• बालबालिका बिद्यालय जना बाट वञ्चित<br>• लैङ्गिक हिंसा<br>• सरसफाई तथा फोहोर मैला व्यवस्थापन |
| ७ | एकल महिला ४३०, विधवा ४४३ | • **आर्थिक अभाव, गरिबी, बेरोजगारी**<br>• **स्रोत र साधनमा न्युन पहुँच**<br>• **निर्णय प्रकृयामा न्युन सहभागिता**<br>• **सामाजिक विभेद**<br>• **लैगिक हिंशा** |
|  | श्रमिक बालबालिका | • शिक्षावाट वञ्चित,<br>• पारिवारिक विछोड,<br>• बाल अधिकारवाट वञ्चित |

## २.३ सरोकारवालाहरुको विश्लेषण

लैससासको रणनीतिको प्रभावकारी कार्यान्वयन तथा यस क्षेत्रमा काम गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी दातृ साझेदारहरु, सामुदायिक संस्थाहरु र नागरिक संस्थाहरू नै मुख्य सरोकारवाला हुन् ।

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

नगरपालिका क्षेत्रमा लैससास रणनीति तर्जुमा तथा कार्यान्वयन गर्न निम्न बमोजिमका सरोकारवालाहरू रहेका छन् ।

| क्र.स | लैससासको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला | लैससास मुलप्रवाहिकरणको लागि सरोकारवालाको भुमिका तथा कार्य |
|---|---|---|
| १ | शरदा नगरपालिका | • लैससास सम्बन्धी नीति , रणनीति, कार्यविधि, कार्ययोजना निर्माण गर्ने<br>• लैससासको लागि आवश्यक बजेट बिनियोन गर्ने<br>• योजना, कार्यक्रम तथा बजेटको अनुगमन तथा मुल्याङ्कन गर्ने |
| २ | लैससास कार्यन्वयन समिति | • नगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि ,योजना र अन्य प्रकाशीत दस्तावेजमा लैससासको विषयबस्तुको समावेश गरी मुलप्रवाहीकरण गर्ने<br>• योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्रविधिक सहयोग गर्ने<br>• लैससास सम्बन्धी क्षमता अभिवृदि योजना तयार गरी लागु गराउने<br>• लैससास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्ने |
| ३ | न्यायिक समिति | • नगरपालिका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरुमा निर्णय गर्ने र अन्य मुद्दाहरुमा सम्बन्धीत निकायमा सिफारीस गर्ने<br>• सबै वडातहमा मेलमिलाप केन्द्र संचालन गर्ने |
| ४ | महिला तथा बालबालिका विकास शाखा | • लैससास सम्बन्धी वनेका रणनीतिको कार्यान्वयन गराउने<br>• महिला बालबालिका तथा लक्षित वर्गको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने<br>• लैससासको शीर्षकमा विनियोजन भएको बजेटको समयमा नै खर्च गर्ने<br>• लैससासको लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रवद्वानहरु र प्रतिवद्दताहरुबारे कर्मचारी तथा पदाधिकारीहरुलाई सचेतिकरण गरी कार्यान्वयनमा ल्याउन नेतृत्वदायी भुमिका खेल्ने |
| ५ | वडा समिति | • वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यस्थापन गर्ने<br>• योजना छनोट प्रकृयामा महिला तथा लक्षित वर्गसंग छुट्टा छुट्टै छलफल गरी उनिहरुको व्यवहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्रथमिकिकरण गर्ने<br>• टोल स्तरमा लैससास सम्वन्धी सचेतना कार्यक्रम गर्ने |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| | | |
|---|---|---|
| ६ | मेलमिलाप कर्ता | • वडा स्तरमा हुने विवादको समाधान तथा समाधान हुन नसक्ने मुद्दालाई न्यायिक समिति तथा अन्य निकायमा सिफारीस गर्ने। |
| ७ | टोल विकास समिति | • टोलमा संचालन हुने विकास निर्माण, योजनाहरुको तर्जुमा तथा कार्यान्वयनमा महिला तथा लक्षित वर्गको सहभागिताको सुनिश्चित गराउने<br>• टोलमा बसोवास गर्ने गरिव, अपाङ्गता भएका व्यक्ति, तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहयोग गर्ने<br>• सबै प्रकारको हिंसा, बालश्रम तथा बाध्यामक श्रम, बालविवाह लगाएतका सामाजिक अपराध तथा खराविहरु अन्त्य गर्ने जनचेतना अभिवृद्दी गर्ने<br>• आफ्नो टोललाई वातावरणमैत्री बालमैत्री, पोषणमैत्री, लैससास मैत्री र पुर्ण सरसफाई युक्त बनाउन कार्यक्रम संचालन गर्ने<br>• टोल विकासमा सबै वर्गलाई निर्णय प्रकृया र स्रोत परिचालनमा सहभागी गर्ने |
| ८ | इलाका प्रहरी (महिला सेल) | • घरेलु हिंसा, यौनजन्य वा अन्य लैङ्गिक हिंसाको उजुरीको सुनुवाई गरी पीडितलाई संरक्षण र दोषि उपर कार्वाही गर्ने |
| ९ | नागरीक समाज (बाल क्लव, युवा क्लब, आमा समुह, गैर सरकारी संघ संस्थाहरु) | • महिला तथा बञ्चितिकरणमा परेका समूहका लागि सामाजिक परिचालनका क्रियाकलापहरुमा सहयोग गर्ने<br>• समावेशी सवालमा अवाज उठाउने र कार्यगत सिकाईको अभिलेखिकरण गर्ने<br>• सामाजिक विभेद तथा कुरुती विरुद्द आवाज उठाउने र जनचेतनामुलक कार्यक्रम गर्ने |
| १० | महिला सहकारी संघ संस्थाहरु | • महिला तथा वञ्चितिकरणमा परेका समूहहरुका लागि आर्थिक प्राविधिक र व्यावसायीक सहयोग पुर्याउने<br>• महिलाको उधमशिलता विकासका लागि लगानी तथा क्षमता विकास गर्ने<br>• उधमशीलता विकासको लागि लगानी गरी उत्पादित बस्तुको बजारिकरणको व्यवस्था गर्ने |
| ११ | समुदाय | • कार्यक्रम कार्यान्वयनका लागि साझेदारीको रुपमा काम गर्ने<br>• समाजमा विद्यमान विभेदकारी प्रचलनका विरुद्द आवाज उठाउने र छलफल गराउन सहयोग गर्ने<br>• सेवा प्रदायक निकाय, संघसंस्थाको व्यवहार, कार्यशैली एवं क्रियाकलापहरुको निगरानी गर्ने |
| १२ | जिल्ला प्रहरी कार्यलय/ जिल्ला प्रशासन कार्यलय | • हिंसा पीडितको उजुरी लिने<br>• पीडितको संरक्षण गर्ने<br>• घटनाको अनुशन्धान गरी प्रमाणको आधारमा पीडक विरुद्ध अदालतमा मुद्धा दर्ता गर्ने |
| १३ | जिल्ला अदालत | • हिंसा पीडित लाई न्याय दिने<br>• वाल, महिला तथा नागरिक अधिकारको रक्षा गर्ने |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

२.४ नगरपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष (आन्तरीक पाटो) तथा अवसर र चुनौती वा बाधा -बाहिय पाटो) को विश्लेषण र साराशंमा मुख्य पक्षहरु

| सबल पक्षहरु | सुधार गर्नुपर्ने |
|---|---|
| • अपांग परिचय पत्र वितरणको लागि अपांग समन्वय समितिको गठन भएको ।<br>• कार्यालयको परिसरमा स्तनपान कक्ष स्थापना भएको ।<br>• बालविवाह विरुद्ध सचेतनामुलक कार्यक्रमहरु संचालन भएका ।<br>• अति जेष्ठ नागरिक र पूर्ण अपांग भएका ब्यक्तिहरुलाई घरमै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरिएको ।<br>• प्रजनन स्वास्थ्य तथा यौन शिक्षा कार्यक्रम संचालन गर्नेगरिएको ।<br>• बाल क्लव, बाल संजाल गठन भएका ।<br>• सुनौला १००० दिनका आमाहरुलाई पोषण भत्ता वितरण गर्ने गरिएको ।<br>• दलित,द्वन्दपिडित, गरिव एवं जेहन्दार विद्यार्थीलाई छात्रवृत्ती वितरण गर्ने गरिएको ।<br>• जेष्ठ नागरिकलाई चाडपर्व भत्ता तथा न्यानो कपडा वितरण गर्ने गरिएको ।<br>• सेवा प्रवाहमा अपांग, जेष्ठ नागरिक र गर्भवती महिलालाई प्राथमिकतामा राखिएको ।<br>• गरिव तथा जेहेन्दार ब्यक्तिलाई लोकसेवा तयारी कक्षा संचालन गर्ने गरिएको ।<br>• पलिकामा स्तनपान कक्षको स्थापना गरिएको ।<br>• जेष्ठ नागरिक तथा असक्तहरुलाई घर आगनमै सेवा दिने गरिएको ।<br>• बेरोजगार युवाहरुको पहिचान गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत रोजगारी उपलव्ध गराईएको<br>• लैससासलाई प्रवद्र्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सन्चालन ऐन, नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धता, स्थानीय सरकारको निति निर्माण गर्ने तथा कार्यान्वयन गर्ने अधिकार नै | • भएका नीतिहरुको सशक्त कार्यान्वयन नहुनु ।<br>• लैससासको क्षेत्र प्राथमिकतामा नपर्नु ।<br>• लैससासको क्षेत्रमा न्यूनमात्रामा रकम विनियोजित हुनु र विनियोजित बजेट समेत अन्य क्षेत्रमा रकमान्तर हुनु ।<br>• सचेतनामुलक कार्यक्रमा लक्षित वर्गसम्म नपुग्नु ।<br>• पालिकाको प्राथमिकतामा भौतिक पुर्वाधार विकास र अन्य विकासका क्रियाकलापहरु पर्नु ।<br>• कानुनी र नीतिगत कुरालाई कार्यान्वयन गर्ने जिम्मेवार ब्यक्तिमा जिम्मेवारी कम हुनु ।<br>• शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग, क्षेत्र, जातजाती र समुदायको अर्थपूर्ण सहभागितामा सुनिश्चित् नहुनु।<br>• बन्चितिमा परेका वर्ग र समुदायको न्यून आर्थिक अवस्था तथा सामाजिक सशक्तिकरणमा समस्या ।<br>• विभिन्न लिङ्ग, वर्ग र जातजाती विच ब्यवहारगत विभेद वा प्रचलनहरु कायम रहनु ।<br>• महिला हिंसा, वालविवाह, घरायसी हिंसा, नेतृत्वमा महिलाको सक्रिय र अर्थपूर्ण सहभागिता कम रहनु ।<br>• लैङ्गिक उत्तरदायी र सामाजिक समावेशीकरणका अभ्यासहरु संस्थागत हुन नसक्नु ।<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी वुझाईमा एकरुपता नहुनु ।<br>• लैङ्गिक उत्तरदायी बजेट परिक्षण तथा लैससास लेखाजोखा पनि नहुनु ।<br>• लैससासको लागि आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव रहनु ।<br>• महिल, बालबालिका, गरिब लगायत वञ्चितीकरणमा परेका वर्गहरुको आबश्यकता र चाहाना प्रति अझबढि संबेदनशिल र जवाफदेहि |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| | |
|---|---|
| मूलतः पालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री नगरपालिका बनाउने अवसर हो<br>• बार्षिक नीति तथा कार्यक्रममा लैससासको सवाललाई प्राथमिकता दिइ बजेट विनियोजन गर्ने गरिएको<br>• | बन्न सरोकारवालाको क्षमता अभिबृद्धि गर्नु पर्ने ।<br>• सचेतना र सशक्तिकरणका लागि समुह तथा सञ्जाल निर्माण र परिचालन गर्न पर्ने ।<br>• नगरपालिकामा निर्माण भएका नीति, निर्देशिका, कार्यविधिहरुको लैससास दृष्टिकोणले पुनरावलोकन गर्ने र नयाँ बन्ने नीति, कार्यविधि तथा निर्देशिकालाई लैससास मैत्री बनाउन लैससास कार्यान्वयन समिति गठन गर्नुपर्ने ।<br>• महिला हिंसा, घरोलु हिंसा निवारण तथा महिलाको नेतृत्व तहमा सक्रिय तथा अर्थपूर्ण सहभागिताको लागि रणनैतिक कार्यक्रम लागु नहुनु ।<br>• महिला तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु नहुनु । |
| **अवसरहरु** | **चुनौतीहरु** |
| • लैसासासका सवाल प्रति सकारात्मक राजनीतिक नेतृत्व ।<br>• नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रममा लैससासको ब्यनस्था गरि आबश्यक बजेट बिनियोजन गर्ने गरेको ।<br>• लैससासको क्षेत्रमा काम गर्ने संघ–संस्थाहरु रहेको नगरपालिकालाई आफ्नो आवश्यकता अनुसार सङ्घीय तथा प्रदेशको कानून सँग नबाझिने गरी नीति, निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यान्वयनको अधिकार ।<br>• लैससास लाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु<br>• पालिकाको बजेट सिमा निर्धारण समितिलाई लैससासको क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गर्ने अधिकार हुनु । | • पर्याप्त वजेट विनियोवन नहुनु लैससासको क्षेत्रमा ।<br>• लैससासको क्षेत्रलाई महत्व नदिनु ।<br>• निर्माण भएका नितिहरुको कार्यान्वयन पक्ष कमजोर हुनु ।<br>• लक्षित वर्गलाई आफ्नो अधिकारको पहिचान नहुनु ।<br>• समाजमा लैससासलाई मद्यत पुग्ने गरी समाजमा विध्मान् कुरीतीलाई अन्त्य गर्ने शिक्षा र शिक्षण पद्धतिको विकास गर्ने ।<br>• विद्यमान सांस्कृतिक पक्ष र सांस्कृतिक संरचनाको पुन संरचना गर्न नसक्नु ।<br>• अर्थपुर्ण सहभागिताको वातावरणीय विकास नहुनु । |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| | |
|---|---|
| • लैससासको केहि हदसम्म भएपनि खण्डिकृत तथ्यांक तयार भएको ।<br>• । | • ब्यवहारगत पक्षः बोलि र काननमा मात्र भएको समतालाई राज्यका हरेक निकाय र पक्षमा ब्यवहारिक लागु गर्न नसक्नु ।<br>• यथास्थितिवादि सोचमा अपेक्षाकृत परिवर्तन हुन नसक्नु।<br>• लैससासको लागि आवश्यक खण्डीकृत तथ्याङ्क संकलन र अभिलेखीकरण ।<br>• लक्षित वर्गको जीविकोपार्जनमा समस्या।<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी वुझाई तथा व्यवहारमा विभेदता । |

## २.५ नगरपालिका र वडागत रुपमा लैससासमा प्रमुख समस्या तथा सवालहरु

१. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति, कार्यविधि तथा रणनीति नहुनु तथा भएका नीतिहरुको सशक्त कार्यान्वयन हुन नसक्नु ।
२. नीति, कार्यविधि, योजना छनोट तथा बजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको न्युन पहुँच रहनु ।
३. पालिकाको प्राथमिकतामा भौतिक पुर्वाधार विकास र अन्य विकासका क्रियाकलापहरु पर्नु ।
४. कानुनी र नीतिगत कुरालाई कार्यान्वयन गर्ने जिम्मेवार ब्यक्तिमा जिम्मेवारी कम हुनु ।
५. विभिन्न लिङ्ग, वर्ग र जातजाती विच ब्यवहारगत विभेद वा प्रचलनहरु कायम रहनु ।
६. लैङ्गिक उत्तरदायी र सामाजिक समावेशीकरणका अभ्यासहरु संस्थागत हुन नसक्नु ।
७. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी वुझाईमा एकरुपता नहुनु ।
८. लैससासको लागि आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव रहनु ।
९. महिला तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु नहुनु ।
१०. नगरपालिकाको योजना तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको पहिचान नहुनु साथै लैससासको समस्या तथा सवालहरुको सम्बोधन हुन नसक्नु ।
११. सिमान्तकृत समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक दलित अन्य पिछडिएको वर्ग तथा समुदायहरुमा नगरपालिकाको सुचनाको कमी, अवसर र पहुँचको अभाव हुनु ।
१२. दलित महिला, सिमान्तकृत र पिछडिएको समुदायको शिक्षामा कमी, आर्थिक अभाव, सामाजिक कुरीति र कुप्रथामा ग्रसित हुनु ।

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

१३. नगरपालिका तथा समुदाय स्तरको निर्णायक तहमा महिला तथा लक्षित वर्गको न्युन पहँच हुनु

१४. सामाजिक विभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा तथा समुदायमा कुप्रथाको प्रभाव रहनु ।

**२.६ नगरपालिकाको लैससास रणनीतिको लागी मुख्य कार्यक्षेत्रहरु**

क) नीति कानून तथा योजना

ख) संस्थागत संरचना

ग) मानव संसाधन तथा क्षमता विकास

घ) सेवा प्रवाह

ङ) सुशासन तथा उत्तरदायित्व

च) लैङ्गिक विभेद तथा हिंसा

छ) महिला तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु

**दीर्घकालिन सोचः** "लैङ्गिक, जातीय तथा वर्गिय विभेद रहित समतामुलक, न्यायपूर्ण समृद्ध नगरपालिकाको निर्माण गर्ने"

**ध्येयः** "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मुल प्रवाहिकरण तथा आन्तरिकीकरण गर्दै संरचना, नीति र कार्यप्रणाली मार्फत समतामुलक नगरपालिकाको सुनिश्चितता गर्ने "

**लक्ष्यः** "लैङ्गिक समानता तथा समावेशी विकासको माध्यमद्वारा लैङ्गिक तथा सामाजिक सम्बन्धमा सुधार ल्याई आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने "

**उदेश्यहरुः**

१. शारदा नगरपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने ।

२. महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने ।

३. नगरपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु- संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूति हुने सभ्य समाजको निर्माण गर्ने ।

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

४. महिला, बालबालिका, विपन्न तथा पिछडिएको वर्गको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जवाफदेही हुनको साथै लैससास सम्बन्धी बुझाईमा एकरुपता कायम गर्न कर्मचारी तथा पदधिकारीहरुको क्षमता विकास गर्ने ।
५. दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिकाका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने ।
६. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु साथै सङ्घीय तथा प्रदेश सरकारको लैससास सम्बन्धमा गरिएका प्रतिबद्धताहरु अनुरुपको दायित्व पुरा गर्ने ।

## रणनीतिको औचित्य वा आवश्यकता

शारदा  नगरपालिकाले महिला हिंसा तथा अन्य विभिन्न प्रकारको हिंसा न्यूनीकरण, सामाजिक गलत परम्परा बिरुद्द जनचेतनामुलक कार्यक्रम तथा महिला तथा पिछडीएका वर्गको सशक्तिकरणको लागि निरन्तर रुपमा आफ्नो नीति, योजना तथा कार्यक्रममा लैससाको अवधारणा अनुसार कार्यक्रमहरु गर्दै आएको छ तथापी यसलाई थप नतिजामुखी र व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । समुदायमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समतामुलक, समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्न नगरपालिकाको नीति निर्माण, बजेट तर्जुमा र संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री बनाउन आवश्यक छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न लैससास रणनीति मार्गदर्शन हुनेछ ।

## रणनीतिक योजनाको मुल्य मान्यता तथा सिद्दान्तहरु

देहायका सिद्धान्तका आधारमा लैससास रणनीतिक योजना तर्जुमा गरिएको छ।

१. विभेदरहित (Non Discrimination) : यो रणनीति कार्यान्वयन सिलशिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक तथा पिछडिएका क्षेत्र  तथा समुदाय, जातजाती, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनैपनि आधारमा भेदभाव गरिने छैन ।
२. सारभूत समानता (substantive equality) यो रणनीतिले लैङ्गिक समानतको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात् गरेको छ ।
३. कोहि पछाडि नछुटुन (leave no one behind ) यस रणनीतिले दिगो विकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणलाई अवलम्बन गरेको छ ।
४. समान सहभागिता (Meaningful Participation) यो रणनीतिले  नगरपालिकाको हरेक विकास कार्यक्रममा सबै लिङ्ग, वर्ग, जाती, क्षेत्र तथा समुदायको समानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ ।

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

५. उत्तदायित्व तथा जवाफदेहिता : यो रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक अवस्थामा नगरपालिकाका प्रतिनिधि तथा कर्मचारीहरू सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ ।

६. साझेदारीता र सहकार्यः यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि लैससास क्षेत्रमा कार्यरत सरोकारवालाहरुसँग समन्वय, साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ ।

७. शून्य सहनशीलता (Zero Tolerance): यो रणनीतिले नगरपालिका भित्र हुने लैङ्गिक तथा तथा सबै प्रकारका विभेद र हिंसाका घटनाहरुमा शून्य सहनशिलताको नीति अङ्गीकार गरेको छ ।

८. कसैलाई पनि हानी नपुर्याउने (Do No Harm) : यस रणनीतिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्धान्त अवलम्बन गरेको छ ।

## ३.२ लैससास मुलप्रवाहीकरणको रणनीतिहरु

शारदा नगरपालिकाले माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरु परिपूर्ति गरी लैङ्गिक समानता तथा सामाजिक समावेशी शासन व्यवस्था स्थापित गरी सबै नागरिकको हक हितको संरक्षण र सहभागितामुलक ढंगले समानुपतिक विकास गर्ने देहाय बमोजिमको लैससास मुलप्रवाहीकरण रणनीतिहरु अबलम्बन गरिने छ ।

१. नगरपालिकामा तर्जुमा भएका विद्यमान नीति, कानून, निर्देशिका, आवधिक योजना तथा मापदण्डहरुको पुनरावलोकन गरी लैससास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ ।

२. नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न लक्षित समुदायको क्षमता विकास गरिने छ ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट तर्जुमा मार्फत नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा पिछडिएका वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ ।

४. नगरपालिकाको दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गलाई समान अवसर सिर्जना गर्ने, लक्षित समुदायको नेतृत्वदायी भूमिका वृद्धि गर्नुका साथै विकासको समान प्रतिफल र लाभको उपभोग सुनिश्चित गर्दै आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गरिने छ ।

५. नगरपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई लैससासमैत्री बनाउन कर्मचारी, पदाधिकारी, सरोकारवाला तथा नागरिक समाजका सङ्गठनहरूको लैससास सम्बन्धमा क्षमता अभिवृद्धि गरिने छ ।

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

६. नगरपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु- संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूति हुने सभ्य समाजको निर्माण गर्ने ।

## ३.३ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना

| रणनीतिक उद्देश्यहरु | प्रमुख क्रियाकलापहरु (कति पटक वा कतिवटा) | समयावधि (कहिले गर्ने महिना वा साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलाप हरु कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) |
|---|---|---|---|---|
| लैससासको अवधारणा हासिल गर्न नगरपालिकामा तर्जुमा भएका नीति,कानून, निर्देशिका तथा मापदण्डहरुको पुनरावलोकन, संशोधन साथै लैससास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ। | • लैससासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावाली, कार्यविधि तथा मापदण्डहरु तर्जुमा गर्ने | आ.व ०७९/०८० सम्म | नगरपालिकाको सबैको लागि | लैससास कार्यान्वयन समिति |
| | • ऐन, कानून, नीति, कार्यविधिको मस्यौदा तयार गर्ने कार्यटोली गठन गरि क्षमता विकास गर्ने | आ.व ०७९/०८० | पदाधिकारी तथा कर्मचारी | लैससास कार्यान्वयन समिति |
| | • नगरपालिकाको विधयमान ऐन, नीति, कार्यविधि, मापदण्डहरुको लैससास दृष्टिकोणले पुनरावलोकन गरी आवश्यकता अनुरुप संशोधन गर्ने। | आ.व २०८०/०८१ बाट सुरुवात गर्ने | नगरपालिकाको सबैको लागि | लैससास कार्यान्वयन समिति |
| | • नगरपालिकाले लैससास कार्यान्वयन समिति तथा वडा तहमा वडा स्तरीय समिति गठन गरी ति समितिको जिम्मेवारी तथा अधिकारहरु स्पष्टसंग निर्क्योल गरी परिचालन गरिने छ | आ.व ०७९/०८० | नगरपालिकाको सबैको लागि | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • नगरपालिकामा कुनै पनि ऐन, नीति, निर्देशिका, कार्यविधि निरमाण गर्दा महिला तथा लक्षित | आ.व ०७९/०८० देखि | न.पा सबै | लैससास कार्यान्वयन समिति |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| | | | | |
|---|---|---|---|---|
| | वर्गको सुझाव संकलन गर्ने व्यवस्था गर्ने | | | |
| | • महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत बजेट विनियोन गर्ने | आ.व ०८०/०८१ देखि निरन्तर | महिला तथा पिछडीएका वर्गका लागि | बजेट सिमा निर्धारण समिति |
| | • नगरपालिकाले तयार गर्ने नीति, कानून, योजना तथा बजेटमा महिला तथा लक्षित वर्गको आवश्कता पहिचान गरी ति आवश्यकताहरु संम्बोधनको सुनिश्चितता गरिने छ | आ.व ०७९/०८० देखि निरन्तर | महिला तथा लक्षित बर्ग | लैससास कार्यान्वयन समिति |
| नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा ,बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न ति वर्गको क्षमता विकास गरिने छ। | • आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक समानता तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गर्ने | आ.ब २०८०/२० ८१ देखि | महिला तथा लक्षित वर्ग | योजना शाखा महिला तथा वालबालिका विकास शाखा |
| | • महिला तथा लक्षित बर्गलाई आफ्नो हक अधिकार, पैरवी तथा नेतृत्व विकास सम्बन्धी तालिम दिने | २०८०/२० ८१ सम्म | महिला तथा लक्षित बर्ग | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा /प्रशासन शाखा |
| | • बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छुट्टा छुट्टै छलफल गरी आवश्यकता पहिचानको आधारमा योजना छनोट गर्ने | आ.ब २०८०/२० ८१ देखि | महिला तथा लक्षित वर्ग | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा, योजना शाखा |
| | • नगरपालिकाको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता गराई लक्षित समुहले छनौट गरेका योजनालाई प्राथमिकतामा राख्ने । | आ.ब २०८०/२० ८१ देखि | महिला तथा लक्षित वर्ग | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा, योजना शाखा |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| | | | | |
|---|---|---|---|---|
| | • नगरपालिकास्तर, वडा स्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न संजाल, समुह तथा समितिहरुमा महिला तथा लक्षित समुदायको ४०% प्रतिनिधित्व हुने व्यवस्था गर्ने | आ.व २०८१/०८२ | महिला तथा लक्षित वर्ग | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • समिति, उपसमिति तथा कार्यदलमा सहभागी महिला तथा लक्षित वर्गका प्रतिनिधिलाई लाई योजना व्यवस्थापन तथा बित्त व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने | आ.व ०८१/०८२ देखि | महिला तथा लक्षित बर्गका प्रतिनिधीहरु | योजना शाखा, प्रशासन शाखा |
| | • लैससाको विषयलाई अगुवाई गर्न र सम्पर्क व्यक्तिको रुपमा काम गर्न लैससासको स्रोत व्यक्तिहरु विकास गर्दै जाने | आ.व ०७९/०८० देखि | नगरपालिकाका सबै | प्रशासन शाखा तथा महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • लैससास सम्बन्धी बिस्तृत खण्डकृत तथ्याङ्क तयार गर्ने र नियमित अध्यावधिक गर्ने । | आ.व ०८०/०८१ सम्म | नगरपालिकाका सबै | प्रशासन शाखा/ पञ्जिकरण शाखा |
| | • | | | |
| | • नगरपालिकाको योजना तर्जुमा तथा छनोट भएका योजनाको जानकारी लक्षित वर्ग सम्म पुर्याउन स्थानीय सञ्चारका माध्यमवाट सम्प्रेषण गर्ने। | निरन्तर | महिला तथा पिछाडिएका वर्ग | सुचना शाखा |
| लैङ्गिक समानता तथा सामाजिक समावेशी परिक्षण र लैङ्गिक उत्तदायी बजेट मार्फत नगरपालिकाको संस्थागत संरचना | • नगरपालिकाले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण कार्यविधि वनाई कार्यन्वयन गर्ने | आ.व २०८१/०८२ | महिला तथा पिछडिएका वर्ग | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • अघिल्लो आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई चालु आ. ब पहिलो चौमासीक भित्रमा लैससास दृष्टिकोणले परिक्षण गरिने छ | निरन्तर | न.पा सबै | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| | | | | |
|---|---|---|---|---|
| र कार्यक्रमहरुमा महिला तथा पिछडीएका वर्गको अर्थपूर्ण सहभागिता सुनुश्चित गरिनेछ | • लैङ्गिक उत्तरदायी बजेट तथा योजना लाई नगरपालिकाले आन्तरिकिकरण गरी यसको प्रभावकारी कार्यान्वयनको लागि कर्मचारी तथा पदाधिकारीको क्षमता विकास गर्ने | आ.व २०८१/०८२ | न.पा सबै | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • नगरपालिकाको योजना शाखाका कर्मचारी तथा लैससास क्षेत्रका सरोकारवालाई लैङ्गिक उत्तरदायी योजना छनोट तथा बजेट विधि कार्यान्वयन सम्बन्धी क्षमता विकास गरिने छ। | आ.व २०८१/०८२ | न.पा सबै | प्रशासन शाखा |
| दिगो विकास र आर्थिक समृद्दिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भुमिका बृद्दि साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चित गर्न आर्थिक सशक्तिकरणका गतिविधिहरु संचालन गरिने छ | • नगरपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका विपन्न परिवार, बेरोजगार युवा, बैदेशीक रोजगारीबाट फर्किएका पुरुष तथा महिलाको पहिचान गर्ने | आ.व २०८०-०८१ | विपन्न तथा गरिव परिवार | तथ्याङ्क व्यवस्थापन शाखा |
| | • लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवारको परम्परागत सिप, व्यवहारीक सिप र क्षमताको अध्ययन तथा पहिचान गर्ने | आ.व २०८०-०८१ | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्राथमिकिकरण मा परेका लक्षित बर्ग सबै | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा, उद्यशिलता सहजकर्ता |
| | • महिला तथा लक्षित वर्गको पहिचान भएका क्षमता तथा आवश्यकताको आधारमा सीप विकास, नेतृत्व विकास, उद्यशिलता विकास तालिम, बैङ्किङ तथा वित्तिय कारोवार सम्बन्धी शिक्षा साथै आधारभुत कानूनी क्षमता विकास गर्ने | आ.व २०८०/०८१ | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्रथमिकिकरण मा परेका लक्षित बर्ग सबै | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा, उद्यशिलता सहजकर्ता |
| | • उद्यशिलता तथा व्यवसाय संचालन गर्न आवश्यक रकम अनुदान तथा सहुलिय ऋण सहयोग गर्ने व्यवस्था गर्ने | आ.व२०८१/८२ | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा , |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| | | | | |
|---|---|---|---|---|
| | | | प्राथमिकिकरण मा परेका लक्षित वर्ग सबै | उद्यमशिलता सहजकर्ता |
| | • नगरपालिकाको योजनामा महिला उद्यमशिलता तथा लक्षित वर्गको व्यवसाय प्रवर्द्दन गर्ने खालको कार्यक्रम तथा आवश्यक वजेटको विनियोजन गर्ने। | आ.व २०७९/८० | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्रथमिकिकरण मा परेका लक्षित बर्ग सबै | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा, योजना शाखा |
| | • व्यवसायमा जोखिम न्यूनीकरणको लागि विमा व्यवस्थालाई अनिवार्य लागु गर्ने | आ.व २०७९/८० | पिछडिएका समुदायका महिला तथा नगरपालिकाको प्राथमिकिकरण मा परेका लक्षित बर्ग सबै | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा, उद्यमशिलता सहजकर्ता |
| | • व्यवसाय संचालन गर्ने लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवाको समुह तथा संजाल गठन गरी आफ्नो हक र आधिकरको लागि सरोकारवाला संग पैरवी गर्न क्षमता विकास गर्ने । | आ.ब ०८१/०८२ | व्यवसाय गर्ने सबै | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • सिमान्तकृत समुदाय तथा बिपन्न परिवारका बालबालिकालाई प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृत्ति कार्यक्रम संचालन गर्ने | आ.ब ०८०/०८१ | विपन्न तथा पिछडीएका समुदायका महिला | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा /प्रशासन शाखा |
| नगरपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, | • नगरपालिकाले लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी | आ.व २०७९/०८० | सबै विषयगत शाखाका | प्रशासन शाखा |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| | | | | |
|---|---|---|---|---|
| अनुगमन तथा मुल्याङ्कनलाई लैससास मैत्री बनाउन कर्मचारी, पदाधिकारी ,सरोकारवाला तथा नागरिक समाजहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा क्षमता अभिबृद्दी गरिने छ। | छुट्टै शिर्षकमा बजेट विनियोजन गर्ने व्यवस्था गर्ने | | कर्मचारी तथा पदाधीकारी | |
| | • नगरपालिका स्तरमा लैससास सम्बन्धी मास्टर प्रशिक्षक उत्पादन गरि परिचाल गर्ने | आ.व २०८१/०८२ सम्म | महिला विकास शाखाको कर्मचारी | प्रशासन शाखा |
| | • कार्यलययमा हुन सक्ने विभेदपूर्ण व्यवहार, विभेदपूर्ण भाषाको प्रयोग र कार्यलयमा हुनसक्ने हिंसा नियन्त्रणको लागि शुन्य सहनशिलताको नीति | आ.व २०७९/०८० | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • कम अवसरको प्राप्ती र कम अनुभवको अधारमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व गर्ने पदाधिकारीलाई क्षमता विकासको लागि प्राथमिकतामा राखे | २०७९-०८० | महिला तथा लक्षित बर्गका प्रतिनिधिहरु | प्रशासन शाखा |
| | • कर्मचारी पदाधिकारी तथा सरोकारवालालाई दिगो विकास लक्ष्य, बेईजिङ घोषणा पत्र, साथै लैससास सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु सम्बन्धी क्षमता विकास गरी त्यसको आधारमा कार्यक्रम गर्ने। | आ.व २०८१/०८२ | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधिकारी | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) गठन गरी संजालका प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम प्रदान गर्ने। | आ.व २०८०/०८१ | न.पा का सबै सरोकारवाला | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • नगरपालिकाको अनुगमन समितिले लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई | आ.व ०८०/०८१ | अनुगमन समिति | प्रशासन शाखा/ योजना शाखा |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| | | | | |
|---|---|---|---|---|
| | पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने। | | | |
| | • नगरपालिकामा गठन हुने बालक्लव, आमा समुह, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैससास सम्बन्धी अभिमुखिकरण गर्ने | आ.व ०७९/०८० | महिला, बालक्लबका प्रतिनिधिहरु | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| नगरपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभुति हुने सभ्य समाजको निर्माण गर्ने | • नगरपालिका भित्रका सबै वडाका बिभिन्न समुदायहरुमा विद्यमान लैङ्गिक विभेदको अवस्था, परिमाण र समाधानका उपायहरु बारे सर्वक्षण गरी प्रतिवेदन तयार गर्ने | आ.व ०८०/०८१ सम्म | नगरपालिका सबै | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • नगरपालिकाको पदाधिकारी/कमर्चारीलाई लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंसा निवारण सम्बन्धी तालिम दिने र तालिम कार्यक्रममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गर्ने। | आ.व ०८०/०८१ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • नगरपालिका तथा नगरपालिका भित्रका सबै सरकारी कार्यलयहरुमा लैससास सम्पर्क व्यक्ती तोक्ने । | आ.व ०८०/०८१ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • नगरपालिकाले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य समेतका सबै माध्यमद्वारा लैङ्गिक हिंसा, घरेलु हिंसा, तथा सामाजिक कुरीति उल्मुलन सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्नेछ | निरन्तर | समुदायका सबै | सुचना शाखा |
| | • नगरपालिका भित्र कुनै वर्ग, लिङ्ग समुदायका व्यक्तिहरु लैङ्गिक विभेदको जोखिममा छन् सो को अध्ययन गरी स्थिति विश्लेषण गर्ने | आ.व २०८०/ ०८१ सम्म | हिंसा पिडित सबै | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा, वडा समिति |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| | | | | |
|---|---|---|---|---|
| | • सबै वडाहरुमा हानिकारक सामाजिक कुसंस्कारले पारेको असर र प्रभावका बारेमा पदाधिकारी, लैससास क्षेत्रमा कार्यरत समूह, सञ्जाल र संयन्त्रसंग समय समयमा समिक्षा गर्ने | आ.व २०८१/०८२ सम्म | हिंसा पीडित महिला तथा समुह | वडा समिति |
| | • समुदाय तह देखि महिला हिंसा बिरुद्दको सुचना र हिंसा भएमा कसरी उजुरी गर्ने कहाँ गर्ने भन्ने लगायतका सुचनाहरु स्थानीय भाषा र सबैको पहुँचमा हुनेगरी प्रवाह गर्ने | निरन्तर | हिंसा पीडित महिला तथा समूह | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा,सुचना प्रविधि शाखा, नगर प्रहरी |
| | • हिसां मुक्त नगरपालीका र वडा घोषण गर्न सुचक तयार गर्ने र सुचकको आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने। | आ.व २०८२/०८३ सम्म | नगरपालिका सबै | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा, लैससास कार्यान्वयन समिति, प्रशासन शाखा |
| | • समाजमा विद्यमान हानिकारक सामाजिक मुल्य मान्यता, सोच र व्यवहार परिवर्तन गर्न रणनैतिक योजना तथा कार्यक्रम तयार गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • नगरपालीकाको अगुवाईमा सामुदायीक संघसंस्था, युवा क्लव, बाल क्लव तथा निगरानी समुहहरुको गठन तथा परिचालन गरि लैङ्गिक विभेद तथा हिंसा नियन्त्रणका लागि ति संघसस्थाहरु संग सहकार्य समन्वय गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला,बालबालिका तथा जेषठ नागरिक शाखा |
| | • लैङ्गिक हिंसामुक्त नगरपालिका घोषणा गर्ने | आ.व ०८३/०८४ सम्म | न.पा. सबै | कार्यपालिका/ नगरसभा |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

## ३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी  आवश्यक संस्थागत व्यवस्था

लैससास मुलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न निम्न समितिहरु व्यवस्था गरिने छ।

### ३.४.१. नगरपालिकास्तरीय लैससास कार्यान्वयन समितिको गठन

नगरपालिकास्तरीय लैससास कार्यान्वयन समितिको गठन यस प्रकार हुनेछ।

क) नगरपालिकाका प्रमुख - संयोजक

ख) उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

ङ) कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका ३ जना - सदस्य

च) सामुदायिक सङ्घ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका ३ जना -सदस्य

छ) लैससास हेर्ने शाखा प्रमुख - सदस्य सचिव

समितिका पदाधिकारी तथा सदस्यहरु ७ देखि १३ जना सम्म रहन सक्नेछन् ।

### ३.४.२. वडास्तरमा लैससास कार्यान्वयन समिति गठन

प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैससास कार्यान्वयन समिति गठन गर्न सक्नेछ। सो समिति मार्फत लैससास सम्बन्धी सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरसम्म पुर्याईने छ ।

क) वडा अध्यक्ष संयोजक

ख) वडा सदस्य( महिला र दलित महिला सहित) -३ जना सदस्य

ग) वडा सचिव - सदस्य सचिव

घ) अतिथिः सङ्घसंस्थाबाट आवश्यकता अनुसार २ जना सदस्य

### ३.४.३. लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) लैससास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने

ख) नगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशीत दस्तावेजमा लैससासको विषयबस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

ग) लैससास रणनीति अनुरुप लैङ्गिक तथा समाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने

घ) योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने

ङ) लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने

च) लैससास सम्बन्धी क्षमता अभिबृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने

छ) लैससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने

ज) उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने।

## ३.४.४. वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) नगरपालिकाको लैससास समन्वय समितिले गरेको कार्यहरु जस्तै ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसँग छलफल गरी लैससास सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने

ख) नगरपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृया देखि कार्यान्वयन र अनुगमनको चरण सम्म समुदायका विपन्न वर्ग, तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने

ग) नगरपालिकाको वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न सहयोग गर्ने

घ) नगरपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाईदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने

ङ) नगरपालिकाको वडा स्तरमा लैससास सम्बन्धि क्षमता विकासको योजना तयार गरी लैससास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने

च) उल्लेखित कार्यहरु गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने र गराउने

## ३.४.५. वैठक, कार्यविधि र सेवासुविधा

क) नगरपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासिक रुपमा बस्ने छ ।

ख) वडा स्तरीय समितिको बैठक प्रत्यक ३ महिनामा बस्ने छ।

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

ग) समिति र उपसमितिका बैठकहरूको कार्यविधि नगरपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ ।

घ) सेवा सुविधा नगरपालिकाको नियम बमोजिम हुनेछ ।

### ३.४.६ सम्पर्क व्यक्ति

नगरपालिकाले लैससासलाई संस्थागत गर्नको लागि सामाजिक विकास शाखा वा महिला तथा बालबालिका विकास शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी लैससासको सवालहरुलाई सम्बोधन गर्न सहज बनाउने ।

## ३.५ लैससास रणनीति कार्यान्वयनको लागि स्रोत परिचालन

### ३.५.१ आर्थिक स्रोत

लैससास रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु नगरपालिकाको प्रमुख दायित्व हुनेछ। नगरपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा नै लैससासलाई मूलप्रवाहीकरण गर्नु पर्दछ। यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण , लैससास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी नगरपालिकाले प्रत्येक आर्थिक वर्षको नीति तथा बजेटमा यो शीर्षकमा आवश्यक बजेट विनियोजन गर्ने छ। लैससास रणानीतिक योजना कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ ।

### ३.५.२ मानवीय स्रोत

लैससास मूलप्रवाहीकरण रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार नगरपालिकास्तरीय लैससास कार्यान्वयन समिति रहने। यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ । विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील बनाउन नगरस्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ। नगरपालिकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार बनाउने छ।लैससास रणनीतिक योजना कार्यान्वयन गर्न महिला तथा बालबालिका विकास शाखाले जिम्मेवारी निर्वाह गर्नेछ ।

## ३.६ अनुगमन तथा मूल्याङ्कन

यो रणनीतिक योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ।

- नगरपालिका स्तरिय लैससास मुलप्रवाहीकरण रणनीतिक योजना अनुगमन तथा मुल्याङ्कनको लागि ५ सदस्यीय अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिने छ।
- अनुगमन समितिमा लैससास सम्बन्धी ज्ञान भएको कर्मचारी तथा पदाधिकारी र तथ्याङ्कमा काम गर्ने जनशक्ति समावेश गरिने छ।

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

- लैससास रणनीतिले लिएको ध्येय, लक्ष्य,उदेश्य र कार्ययोजना कार्यान्वयनको  सूचकहरु निर्धारण गरी अनुगमन तथा मुल्याङ्कन गरिने छ। हरेक आ.व.को अन्त्यमा अनुगनमन र मुल्याङ्कन गरी रणनीतिको प्रभावकारिता समिक्षा गरिने छ र आवश्यकता अनुसार संशोधन  गरिनेछ ।
- अनुगमन र मुल्याङ्कन् टोलीमा स्थानीय सरोकारवाला र लक्षित वर्गलाई सहभागी गराईनेछ ।

## ३.७ सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु

लैससास रणनीतिक योजना कार्यान्वयनमा आउन सक्ने सम्भवित जोखिम तथा सो जोखिम न्यूनीकरणका उपायहरु

| क्र.सं. | सम्भावित जोखिम | जोखिम न्यूनिकरणका उपायहरु |
|---|---|---|
| १ | नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन | नीतिको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन पालिकाले गर्नेछ । स्रोत व्यवस्थापनका लागि विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ । |
| २ | भेदभावजन्य प्रचलन तथा व्यवहारहरु | विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, ब्यवहार र कुरितिहरुको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुमा र भइरहेका कानूनहरुको पुनरावलोकन गरिनेछ । चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । कुनै पनि प्रकारको हिंसा, विभेद, शोषण, बेवास्ता र हानीकारक अभ्यासहरुमा ले सून्य सहनशिलताको नीति लिनेछ । |
| ३ | लैससासको बुझाईमा एकरुपता नहुनु । | लैससासको वुझाइमा एकरुपता ल्याउन सहभागितात्मक छलफल गरिनेछ र सवालको प्राथमिकताका लागि आवश्यक नीतिगत व्यवस्था पनि गरिनेछ । |
| ४ | स्थानीय योजना तर्जुमा प्रक्रियामा लैससासको विषय कम प्राथमिकतामा रहनु | योजना तर्जुमा प्रक्रियामा लैससासको विषयलाई बजेटको सिलिङ तोक्दा देखि नै उच्च प्राथमिकतामा राखिनेछ । लैससासका लाभ र अवसरहरुमा लक्षित वर्गको पहुँच स्थापित गरिनेछ । लक्षित सहूहको सशक्तिकरण गरिनेछ । |
| ५ | लैससासको सवाललाई एकिकृत तवरमा सञ्चालन गर्न नसक्नु | लैससासको सवाललाई पालिकामा मुख्य कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ । सबै विषयगत क्षेत्रमा यसलाई अन्तर–सम्बन्धित सवालको रुपमा अगाडी बढाइनेछ । लैससास क्षेत्रमा काम गर्ने संघ–संस्थाहरुसँग समन्वय गरी काम गरिनेछ । |
| ६ | खण्डिकृत तथ्याङ्क तथा सूचकांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | लक्षित समुदायको पहिचान गर्ने, सूचक निर्धारण गर्ने, र लैससासको खण्डिकृत तथ्याङ्कका आधारमा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । |

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.

| | | |
|---|---|---|
| ७ | रणनीति कार्यान्वयन गर्न जिम्मेवार निकाय तथा सरोकारवाला बीच समन्वय नहुन सक्छ । | सरोकारवाला बीचमा नियमित समन्वय बैठक राख्ने तथा पालिकास्तरमा रहेका नागरिक समाज तथा सञ्जालहरुको सहकार्यमा लक्षित समुदायका व्यक्तिहरुलाई लाभान्वित गर्न सकिने बारेमा नियमित छलफल गर्ने । |

**आज्ञाले**
**ओम प्रकाश देवकोटा**
**प्रमुख प्रशाशकिय अधिकृत**

This PDF document was edited with **Icecream PDF Editor**.
**Upgrade to PRO** to remove watermark.